# संघीय संसद
# राष्ट्रिय सभा
## बाह्रौं अधिवेशन
## बैठक - २६
## सूचनापत्र -२
## (बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : ३:१३ बजे*

२०७९ असार ९, बिहीबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **छब्बिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७९ का विभिन्न शीर्षकहरूमाथिको छलफलको क्रम जारी रहेको जानकारी गराउनुहुँदै त्यस दिन निम्न मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो :

१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
२. अर्थ मन्त्रालय,
३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
४. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय,
५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
६. गृह मन्त्रालय,
७. रक्षा मन्त्रालय,
८. राष्ट्रिय योजना आयोगको सचिवालय,
९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
१०. उपराष्ट्रपतिको कार्यालय र
११. राष्ट्रपतिको कार्यालय।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि माननीय भैरव सुन्दर श्रेष्ठबाट खर्च कटौतीको प्रस्ताव प्राप्त हुन आएको जानकारी गराउनुहुँदै माननीय भैरव सुन्दर श्रेष्ठलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै त्यस दिनका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउनुभयो ।

त्यसपछि माननीय भैरव सुन्दर श्रेष्ठले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुँदै त्यस दिनका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले निर्धारित मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. अनिता देवकोटा
२. मा. विना पोखरेल

३. मा. सिंग बहादुर विश्वकर्मा
४. मा. शेखर कुमार सिंह
५. मा. मोहम्मद खालिद
६. मा. डा. विमला राई पौड्याल
७. मा. गोपाल भट्टराई
८. महेश कुमार महरा
९. मा. गोमा देवी तिमल्सिना
१०. मा. गंगा कुमारी बेलबासे
११. मा. सुमित्रा बि.सी
१२. मा. जितेन्द्र नारायण देव

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७९ अन्तर्गत **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलको क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७९ अन्तर्गत मन्त्रालयगत शीर्षकहरूमाथिको छलफलमा उठेका विषयका सम्बन्धमा सभाको असार १२ र १३ गते बस्ने बैठकमा सम्बन्धित मन्त्रीबाट जवाफ दिनुहुने बेहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन **"रेल्वे विधेयक, २०७९"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै माननीय **भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादव**लाई **"रेल्वे विधेयक, २०७९"** सभा समक्ष पेश गर्न अनुमति दिनुभएपछि माननीय **भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादव**ले **"रेल्वे विधेयक, २०७९"** सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार १० गते शुक्रबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव